आज मिति २०७९ भदौ १० गते शुक्रबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | | |
|---|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख | |
| श्री सुस्मिमा डि.सि. वली | उप-प्रमुख | |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष | |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष | |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष | |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष | |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष | |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष | |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष | |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष | |
| श्री केशब बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष | |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष | |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य | |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य | |
| श्री रीता दमाई | कार्यपालिका सदस्य | |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य | |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य | |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य | |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य | |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य | |
| श्री रामबहादुर हमाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

आमन्त्रित

श्री तिर्थराज डाँगी प्र.प्र.अ.

**कार्यपालिका बैठक (१ आ.व. २०७९।०८०)**

**प्रस्ताव तथा निर्णयहरु ( मिति २०७९।०५।१०)**

**प्रस्ताव नं. १ बागचौर नगरपालिका सचिवालय गठन तथा सञ्चालन कार्यविधि, २०७९ सम्बन्धमा ।**

**निर्णयः-** यहि मिति २०७९।०३।३० गतेको नगरसभाको निर्णय अनुसार बागचौर नगरपालिका सचिवालय गठन तथा सञ्चालन कार्यविधि, २०७९ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ नक्सा पास कार्यविधि, २०७९ सम्बन्धमा ।**

**निर्णयः-** यहि मिति २०७९।०३।३० गतेको नगरसभाको निर्णय अनुसार बागचौर नगरपालिकाको नक्सापास कार्यविधि २०७९ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९ सम्बन्धमा ।**

**निर्णयः-** यहि मिति २०७९।०३।३० गतेको नगरसभाको निर्णय अनुसार बागचौर नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ आधारभुत अस्पताल सञ्चालन तथा जग्गा उपलब्ध सम्बन्धमा ।**

**निर्णयः-** नेपाल सरकारले प्रत्येक पालिकामा आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अनुसार यस नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरु मध्ये कुनै १ स्वास्थ्य संस्थालाई स्तरोन्नती गरी १० सैया को **"आधारभुत अस्पताल, बागचौर सल्यान कर्णाली प्रदेश नेपाल"** नामाकरण गरी सञ्चालनमा ल्याउने निर्णय गरियो । साथै

आधारभुत अस्पताल निर्माणको लागि जग्गा उपलब्ध गराउनको लागि मापदण्ड सहितको १५ दिने सूचना आह्वान गरी नियमानुसार नगरपालिकाको नाममा जग्गा नामसारी गर्ने निर्णय गरियो । साथै आवश्यक समिति गठन गर्ने निर्णय गरियो ।

सूचनामा उल्लेख गर्नुपर्ने मापदण्डहरुः-

१) १४ रोपनी देखि माथी,

२) राजमार्ग देखि नजिक,

३) खानेपानी सुविधा भएको,

४) बाटो न्युनतम १० मिटर सम्म भएको ।

**प्रस्ताव नं. ५ कोल्ड स्टोर र औद्योगिक क्षेत्रको लागि जग्गा उपलब्ध सम्बन्धमा ।**

निर्णयः- कोल्ड स्टोर र औद्योगिक क्षेत्रको लागि जग्गा उपलब्ध सम्बन्धमा सूचना आह्वान गरी नियमानुसार नगरपालिकाको नाममा जग्गा नामसारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ NWASHI प्रणाली सम्बन्धमा ।**

निर्णयः- खानेपानी विभागमा खानेपानी योजना, ढल निकास, ठुला सिँचाइ पोखरी सम्बन्धि आयोजना सम्बन्धित निकायमा माग गर्ने साथै एनवासाइ (NWASHI) प्रणालीमा बागचौर नगरपालिकालाई आवद्द गर्नको लागि सिफारिस गर्ने निर्णय सर्व सम्मत पारित गरियो ।

**प्रस्ताव न. ७ आवधिक योजना निर्माण सम्बन्धमा ।**

निर्णयः- यस नगरपालिकाको आवधिक योजना निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ मध्यकालिन खर्च संरचना तयार गर्ने सम्बन्धमा ।**

निर्णयः- यस नगरपालिकाको मध्यकालिन खर्च संरचना नियमानुसार तयार गर्ने निर्णय गरियो । उक्त मध्यकालिन खर्च संरचना तयारको लागि नगर प्रमुखको संयोजकत्वमा समिति गठन गरी तयार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ सामी परियोजना कार्यान्वयन सम्बन्धमा ।**

निर्णयः- मिति २०७९ श्रावण ८ गते वसेको सामी परियोजनाको जिल्ला स्तरिय समन्वय समितिको निर्णय अनुसार यस परियोजनाको थप भएको २ वर्ष बागचौर नगरपालिका आफैले अपनत्व ग्रहण गरि सञ्चालन गर्ने साथै सामी कार्यक्रमलाई प्रभावकारी बनाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको सामी कार्यक्रम मापदण्ड अनुसार तपसिल मा उल्लेखित पदका लागि दरखास्त आह्वान गर्ने निर्ण गरियो ।

पदः- मनोसामाजिक परामर्शकर्ता पद संख्या १ (एक)

पदः- वित्तिय साक्षरता सहजकर्ता पद संख्या १ (एक)

पदः- रिटर्नी स्वयं सेविका ( आंशिक) पद संख्या ३ ( तीन)

**प्रस्ताव नं. १० नगरपालिका कार्यालय आफ्नै भवन सार्ने सम्बन्धमा ।**

**निर्णयः**- बागचौर नगर कार्यपालिकाको कार्यालय आर्थिक मितव्ययीताको लागि आफ्नै भवनमा कार्यालय सारी सेवा प्रवाह गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ बागचौर नगरपालिकाको सरकारी आर्थिक कारोबार सम्बन्धमा ।**

**निर्णयः**- बागचौर नगरपालिकाको सरकारी आर्थिक कारोबार ("ग" खाता) यस आ.व. २०७९।०८० सञ्चालन गर्नको लागि आर्थिक वर्ष २०७९।०८० को लागि सहयोग गर्ने बैंकलाई सिफरिस गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ विकास साझेदारी सम्बन्धमा ।**

निर्णयः- विकास साझेदारी संस्थाहरु, AIN सदस्यहरु, आसा परियोजना, लगायत विभिन्न दातृ निकाय, विकास साझेदार, तथा निजि लगानीकर्ता तथा कम्पनीहरु सँगको साझेदारीमा परियोजनाहरु तथा कार्यक्रमहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ WASH प्लान तयार गर्ने सम्बन्धमा ।**

निर्णयः- बागचौर नगरपालिकाको समग्र WASH प्लान नियमानुसार र मापदण्ड अनुसार तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ बाँझो तथा उपयोगमा नआएको कृषि योग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

निर्णयः- बाँझो तथा उपयोगमा नआएको कृषि योग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम यस बागचौर नगरपालिका र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको साझेदारीमा सञ्चालन गर्ने लागत साझेदारी र कार्यक्रम सञ्चालन प्रक्रिया सर्वसम्मत पारित गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ विद्युत योजना सर्वे सम्बन्धमा ।**

निर्णयः- बागचौर नगरपालिका अन्तरगत विद्युत सम्बन्धि योजनाको लागि १२ वटै वडामा विद्युत प्राविधिक खटाई सर्वे गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ रोजगार सहायक सम्बन्धमा ।**

निर्णयः- यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक पदको लागि १५ दिने सेवा कराrमा पदपूर्ति सम्बन्धि सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै आवश्यकता अनुसार करार सेवामा दरखास्त आह्वान गर्न सकिने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ करार कर्मचारी म्याद थप सम्बन्धमा ।**

नगरपालिका अन्तरगत कार्यरत नगर कार्यपालिका तथा वडा कार्यालय तर्फका करार कर्मचारीहरु, करार सेवाका स्वास्थ्य कर्मचारीहरु, सशर्त तर्फका करार कर्मचारीहरु, नगर शिक्षक अनुदानमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, लेन्थ वर्कर (पिटौली, कामदार छनौट तथा व्यवस्थापन सम्बन्धित वडाबाटै हुनेगरी ), को सेवा करार अवधि मिति २०७९ श्रावण १ गते देखि २०७९ असोज मसान्तसम्मको लागी थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ शाखा परिवर्तन सम्बन्धमा ।**

निर्णयः- कार्यसम्पादन तथा आवश्यकताको आधारमा शाखा परिवर्तन गर्ने निर्णय गरियो ।

**ास्ताव नं. १९ खरको छाना विस्थापित गरि जस्तापाता छाउने सम्बन्धमा ।**

नेर्णयः- खरको छाना विस्थापित गरी जस्तापाता छाउने सम्बन्धमा छलफल हुँदा सम्बन्धित वडाबाट खरको छाना भएका घरपरिवारको तथ्याङ्क वडाको सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा १५ दिनभित्र ोश गर्ने निर्णय गरियो । जसको लागि वडामा पत्राचार गर्ने निर्णय गरियो ।

**ास्ताव नं. २० प्रधानमन्त्री रोगगार कार्यक्रम अन्तरगत योजना छनौट गर्ने सम्बन्धमा ।**

नेर्णयः- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरत योजना छनौटको लागि सम्बन्धित वडाले ३ वटा योजनाहरु छनौट गरि नगर कार्यपालिकाको कार्यालयमा १५ दिन भित्र पेश गर्ने निर्णय गरियो ।

**ास्ताव नं. २१ विषयगत समितिको गठन सम्बन्धमा ।**

नेर्णयः- यस बागचौर नगरपालिकामा विषयगत समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०७९ अनुसार तपसील बमोजिम विषयगत समितिको गठन गर्ने निर्णय गरियो ।

**१) भौतिक पूर्वाधार विकास समिति**

| | |
|---|---|
| क) संयोजक- यज्ञ बहादुर डि.सी. | ९ नं. वडा अध्यक्ष |
| ख) सदस्य- शुशिला वि.क. | ८ नं. दलित महिला सदस्य |
| ग) सदस्य- हीरा रसाइली | १२ नं. दलित महिला सदस्य |
| घ) सदस्य- टीकाराम विश्वकर्मा | १ नं. कार्यपालिका सदस्य |
| ङ) सदस्य- रमेश शाही | ५ नं. वडा सदस्य |
| च) सदस्य - मोहन डाँगी | २ नं. वडा सदस्य |
| छ) सदस्य सचिव- पूर्वाधार योजना शाखा प्रमुख | |

**२) सामाजिक विकास समिति**

| | |
|---|---|
| क) संयोजक- शुशिल जङ्ग चन्द | वडा अध्यक्ष वडा नं. ८ |
| ख) सदस्य- रीता दमाई | कार्यपालिका सदस्य वडा नं. ५ |
| ग) सदस्य- ढौंका कुमारी वली डी.सी. | कार्यपालिका सदस्य वडा नं. ३ |
| घ) सदस्य- लोक बहादुर डाँगी | वडा सदस्य वडा नं. ९ |
| ङ) सदस्य- दिपेश डि.सी. | वडा अध्यक्ष वडा नं. २ |
| च) सदस्य- चन्द्रकला वली | महिला सदस्य वडा नं. ११ |
| छ) सदस्य सचिव- | सामाजिक शाखा प्रमुख |

**३) आर्थिक विकास समिति**

| | |
|---|---|
| क) संयोजक- जोगेन्द्र वली | |
| ख) सदस्य- बसन्ती वि.क. सुनार | दलित महिला सदस्य वडा नं. १ |
| ग) सदस्य- बहादुर वली | वडा सदस्य वडा नं. १२ |

घ) सदस्य- जयमाता सुनार - दलित महिला सदस्य वडा नं. ४

ङ) सदस्य- फत्ते बहादुर वस्नेत वडा सदस्य वडा नं. ८

च) सदस्य- डिल्ली वली वडा सदस्य वडा नं. ७

छ) सदस्य सचिव- लेखा प्रमुख

**४) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति**

क) संयोजक- भीम प्रकाश भण्डारी वडा अध्यक्ष वडा नं. ३

क) सदस्यः- सावित्रा वि.क. दलित महिला सदस्य वडा नं. २

ख) सदस्य- रिता वली खड्का वली महिला सदस्य वडा नं. ७

ग) सदस्य- रोजी बुढाथोकी कार्यपालिका सदस्य वडा नं. २

घ) सदस्य – दिनेश वुढाथोकी वडा सदस्य वडा नं. १०

ङ) सदस्य- जय बहादुर खड्का वडा सदस्य वडा नं. ६

च) सदस्य सचिव - सम्बन्धित शाखा प्रमुख

**५) संस्थागत विकास तथा क्षमता अभिवृद्दी समिति**

क) संयोजक - केश बहादुर भण्डारी वडा अध्यक्ष वडा नं. ११

ख) सदस्य- लक्ष्मी दमाई दलित महिला सदस्य वडा नं. ९

ग) सदस्य- लक्ष्मी वली रावत महिला सदस्य वडा नं. ५

घ) सदस्य- थलराज खड्का वडा सदस्य वडा नं. ११

ङ) सदस्य- प्रेम बहादुर खड्का वडा सदस्य वडा नं १०

च) सदस्य- मन बहादुर वली वडा सदस्य वडा नं. १२

छ) सदस्य सचिव- सम्बन्धित शाखा प्रमुख

**६) महिला बालबालिका तथा जेष्ठ नागरिक समिति**

क) संयोजक- रोजी वुढाथोकी कार्यपालिका सदस्य वडा नं. २

ख) सदस्यः- प्रीमा कुमारी वि.क. दलित महिला सदस्य वडा नं. १०

ग) सदस्य – लक्ष्मी लामीछाने महिला सदस्य वडा नं १

घ) सदस्य- ढौँका कुमारी वली डी.सी. कार्यपालिका सदस्य वडा नं. ३

ङ) सदस्य- कल्पना डाँगी महिला सदस्य वडा नं. ९

च) सदस्य - लाल बहादुर बुढाथोकी वडा सदस्य वडा नं. ५

छ) सदस्य सचिव- सम्बन्धित शाखा प्रमुख

**७) पर्यटन विकास समिति**

क) संयोजक – ज्ञान प्रसाद शर्मा ( धिताल)

ख) सदस्य- सितला कुमारी वि.क. दलित महिला सदस्य वडा नं. ३

ग) सदस्य- महेन्द्र कुमार वली वडा सदस्य वडा नं. ६

घ) सदस्य- सरोज कामी वडा सदस्य वडा नं. ४

ङ) सदस्य- कमल डाँगी वडा सदस्य वडा नं. ९

च) सदस्य - शशिला खड्का महिला सदस्य वडा नं. ६

छ) सदस्य सचिव- सम्बन्धित शाखा प्रमुख

**८) यूवा तथा खेलकुद समिति**

क) संयोजक- टीकाराम वली

ख) सदस्यः- कमारी दमाई दलित महिला सदस्य वडा नं. ६

ग) सदस्य – रेशम वि.क. कार्यापालिका सदस्य वडा नं. ६

घ) सदस्य- लिला डाँगी महिला सदस्य वडा नं. ८

ङ) सदस्य- रामबहादुर डाँगी सदस्य वडा नं. २

च) सदस्य- दिपक वि.क. कार्यपलिका सदस्य वडा नं. ५

छ) सदस्य सचिव – शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**९) लेखा समिति**

ख) संयोजक- भीम प्रकाश भण्डारी वडा अध्यक्ष वडा नं. ३

ग) सदस्य- रेखा कुमारी डाँगी कार्यपालिका सदस्य वडा नं. १२

घ) सदस्य- टिकाराम वली वडा अध्यक्ष वडा नं. १२

ङ) सदस्य सचिव- आन्तरिक लेखा परीक्षण शाखा प्रमुख

**१०) विधायन समिति**

क) संयोजकः- रेशम वि.क. कार्यपालिका सदस्य वडा नं. ६

ख) सदस्यः- टीकाराम विश्वकर्मा कार्यपालिका सदस्य वडा नं. १

ग) सदस्य- रिता दमाई कार्यपालिका सदस्य वडा नं. ५

घ) सदस्य सचिव- कानून शाखा प्रमुख

**११) शुशासन समिति**

क) संयोजक- ढौंका कुमारी वली डि.सि. कार्यपालिका सदस्य वडा नं. ३

ख) सदस्य- परी कुमारी राणा महिला सदस्य वडा नं १०

ग) सदस्य- मान बहादुर वली वडा सदस्य वडा नं. ११

घ) सदस्य सचिव- प्रशासन शाखा प्रमुख

**प्रस्ताव नं. २२ खानेपानी मुहान दर्ता सम्बन्धमा ।**

निर्णयः- खानेपानी मुहान दर्ता सम्बन्धि आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वियन गर्न सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. २३ सडक / बाटो स्तर उन्नती सम्बन्धमा ।**

निर्णयः- वर्षाको कारण अवरुद्द यस बागचौर नगरपालिका अन्तरगतका विभिन्न सडक तथा बाटो स्तर उन्नती सम्बन्धमा छलफल हुदा नगरपालिकाको डोजर प्रयोग गरेर सडक तथा बाटो मर्मत सम्भार गर्ने नियर्ण गरियो ।

**प्रस्ताव नं. २४ झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।**

**निर्णयः-** टिबिएसयु र विविएलएल झोलुङ्गे पुल निर्माणको लागि पर्देश तथा संघिय सरकारलाई आवश्यक प्रक्रियाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५ वडा कार्यालयको भवन निर्माणको लागि जग्गा खरिद गर्ने सम्बन्धमा ।**

**निर्णयः-** वडा कार्यालयको भवन निर्माणको लागि जग्गा खरिद गर्न बजेट रकमान्तर गर्ने सम्बन्धमा छलफल हुदा आर्थिक वर्ष २०७९।०८० को रातो किताबको वडा कार्यालय ( वडा नं. १, २, ३, ४, ७, ९ र १०) को लागि जग्गा खरिद शिर्षकमा ७ लाख बजेट विनियोजन भएकोले आवस्यक प्रक्रिया पुरा गरि कार्यान्वियनमा लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. २६ शिक्षा समिति गठन सम्बन्धमा ।**

निर्णयः- बागचौर नगरपालिकाको शिक्षा ऐन (पहिलो संसोधन), २०७९ अनुसार शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २७ भान्से व्यवस्थापन सम्बन्धमा ।**

निर्णयः- यस नगरपालिका नगर प्रमुख र उप प्रमुखको मातहतमा रहने गरी १/१ जना भान्से नियुक्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २८ प्रवक्ता तोक्ने सम्बन्धाम ।**

**निर्णयः-** यस नगरपालिकामा प्रवक्ता तोक्ने सम्बन्धमा छलफल हुदा वडा नं. २ वडा अध्यक्ष श्री दिपेश डि.सीलाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २९ औषधि उपचार बापत खर्च सम्बन्धमा ।**

**निर्णयः-** मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी मेरुदण्ड पक्षाघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ अनुसार कार्यान्वयनको लागि वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३० भुक्तानी सम्बन्धमा ।**

निर्णयः- अस्थायी प्रहरि चौकी बानपा ११ र १२ को सिमाना बाँफुखोलामा अस्थायी प्रहरी चौकी स्थापना गर्नको लागि आवश्यक पर्ने आधारभुत सामाग्रीहरु खरिद गर्न श्री ईलाका प्रहरी कार्यालयलाई बिल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३१ अग्ला टाकुरा भ्यू टावरको नियमित रेखदेख सम्बन्धमा ।**

निर्णयः- बानपा वडा नं. २ अग्लाटाकुराको भ्यूटावरको नियमिति रेखदेख, सञ्चालन, संरक्षण, सम्बर्द्धन, सुरक्षा तथा दैनिक रुपमा आउने पर्यटकहरु प्रवेशको लागि प्रवेश शुल्क बापत टिकट वितरण गरी प्रवेश अनुमती प्रदान गर्न बागचौर नगरपालिका वडा नं. २ का स्थानीय बासी तथा पृतिकोट संरक्षण तदर्थ समितिका अध्यक्ष श्री रुद्र बहादुर डाँगी लाई जिम्मा दिने निर्णय गरियो ।

साथै टिकट प्रतिव्यक्ति रु २५, विद्यार्थिको लागि प्रति विद्यार्थी रु १५ र १० वर्ष मुनिका बालबालिका तथा ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई निशुल्क प्रवेश दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३२ सहकारी दर्ता सम्बन्धमा ।**

**निर्णयः-** नगर कार्यपालिकाको कार्यालयमा हुन आएका सहकारी दर्ता तथा नविकरण गर्ने सम्बन्धमा सम्बन्धित शाखालाई दर्ता तथा नविकरण गरि दर्ता प्रक्रियामा लैजाने निर्णय गरियो ।